आज मिति २०७७/०४/२५ गते आइतबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताब उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| **नाम थर** | **पद** |
|---|---|
| श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| ~~श्री~~ दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |

**अन्य उपस्थिति**

**प्रस्ताबहरु :**

**प्रस्ताब नं. १ :** **आ.ब. २०७७/७८ को निर्माण सम्बन्धी गाउँपालिका दररेट स्विकृत गर्ने सम्बन्धमा ।**

**प्रस्ताब नं. २ :** **गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका शाखा वा कार्यालयमा करारमा कार्यरत कर्मचारीको करार नविकरण र नयाँ करार गर्ने सम्बन्धमा ।**

**प्रस्ताब नं. ३ :** गाउँपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनको लागि फारम स्विकृत गर्ने ।

**प्रस्ताब नं. ४ :** २०७७ भाद्र १ गतेदेखि बिद्यालयहरु संचालन गर्ने सम्बन्धमा ।

**प्रस्ताब नं. ५ :** शिक्षकहरुको दरबन्दी मिलान सम्बन्धमा ।

**प्रस्ताब नं. ६ :** गत आ.ब. को उठ्न बाँकी कर संकलनको लागि ताकेता सम्बन्धमा ।

**प्रस्ताब नं. ७ :** बर्षातको समयमा बाढीले क्षति पुर्याएको ठाउँमा थप क्षति हुन नदिन डोजर प्रयोग गर्ने र सो को भुक्तानी दिने ।

**प्रस्ताव नं.८ :** सहायक महिला बिकास निरीक्षकको काज सरुवा सहमति सम्बन्धमा ।

**प्रस्ताव नं. ९ :** इलाका प्रहरी कार्यालय छुसाङलाई जग्गा दिने सम्बन्धमा ।

**प्रस्ताव नं. १० :** कागबेनी मुक्तिनाथ सडकखण्डको सरसफाई कर्मचारी सम्बन्धमा ।

**प्रस्ताव नं. ११ :** गाउँपालिकामा अन्यत्रबाट रोजगारीको लागि आउने कामदारको बिस्तृत लगत राख्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १ :** आ.ब. २०७७/७८ को लागि गाउँपालिका दररेट निर्धारण समितिले पेश गरेको गाउँपालिका दररेटलाई स्विकृत गर्ने ।

**निर्णय नं. २ :** गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका शाखा वा कार्यालयमा करारमा कार्यरत तपशिलमा उल्लेखित कर्मचारीको मिति २०७७ श्रावण १ गतेदेखि लागु हुने गरि ६ महिनाको लागि करार नविकरण गर्ने साथै कागबेनी स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगीमा श्रावण १ गते देखि लागु हुने गरि गरिएको नयाँ करारलाई अनुमोदन गर्ने ।

| क्र.सं. | कर्मचारीको नाम थर | पद | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | सूर्य प्रसाद तिमिल्सिना | सूचना प्रविधि अधिकृत | गाउँपालिका कार्यालय | करार नविकरण |
| २ | सोनोपल थकाली | एमआइएस अपरेटर | गाउँपालिका कार्यालय | करार नविकरण |
| ३ | उमेश दाहाल | फिल्ड सहायक | गाउँपालिका कार्यालय | करार नविकरण |
| ४ | सन्जया सुवेदी | फिल्ड सहायक | गाउँपालिका कार्यालय | करार नविकरण |
| ५ | मन बहादुर सार्की | अ. सब-ईन्जिनियर | गाउँपालिका कार्यालय | करार नविकरण |
| ६ | सरिता वि.क | अ.न.मी. | छुसाङ स्वास्थ्य चौकी | करार नविकरण |
| ७ | कल्पना चौधरी | अ.न.मी. | झोङ स्वास्थ्य चौकी | करार नविकरण |
| ८ | शुष्मा कुमारी शाही | अ.हे.व | कागबेनी स्वास्थ्य चौकी | करार नविकरण |
| ९ | अनिता कुमारी शाही | अ.न.मि | झारकोट स्वास्थ्य चौकी | करार नविकरण |
| १० | गिता शाही | अ.हे.व | छुसाङ स्वास्थ्य चौकी | करार नविकरण |
| ११ | पेमा लमु यल्मु | ना.प्रा.स | कृषि सेवा शाखा | करार नविकरण |
| १२ | मनिषा जि.सी. | ना.प.से.प्रा | पशु सेवा शाखा | करार नविकरण |
| १३ | वासु थकाली | ना.प.से.प्रा | पशु सेवा शाखा | करार नविकरण |
| १४ | छिरिङ घ्याल्पो गुरुङ | का.स | गाउँपालिका कार्यालय | करार नविकरण |
| १५ | रोशनी नेपाली | का.स | गाउँपालिका कार्यालय | करार नविकरण |
| १६ | नारायण योगी | का.स | वडा नं. १ को कार्यालय | करार नविकरण |
| १७ | कमल बहादुर गुरुङ | का.स | वडा नं. २ को कार्यालय | करार नविकरण |
| १८ | सरीला परियार | का.स | वडा नं. ३ को कार्यालय | करार नविकरण |
| १९ | कर्म झुक्मे गुरुङ | का.स | वडा नं. ४ को कार्यालय | करार नविकरण |
| २० | शान्ति मेन्दोक गुरुङ | का.स | वडा नं. ५ को कार्यालय | करार नविकरण |
| २१ | शान्ति वि.क | का.स | झारकोट स्वास्थ्य चौकी | करार नविकरण |
| २२ | सोनी गुरुङ | का.स | छुसाङ स्वास्थ्य चौकी | करार नविकरण |
| २३ | दावा गुरुङ | का.स | झोङ स्वास्थ्य चौकी | करार नविकरण |
| २४ | छिरिङ डोमा गुरुङ | का.स | आयुर्बेद औषधालय | करार नविकरण |
| २५ | रिक बहादुर गुरुङ | ह.स.चा. | गाउँपालिका कार्यालय | करार नविकरण |
| २६ | अश्मी पुर्जा | का.स. | कागबेनी स्वास्थ्य चौकी | नयाँ नियुक्ति |

**निर्णय नं. ३ :** गाउँपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकनको लागि पेश भए अनुसारको फारम स्विकृत गर्ने ।

**निर्णय नं. ४ :** प्रस्ताब नं. ४ माथि छलफल गर्दा

क) गाउँपालिका अन्तर्गत रहेका बिद्यालयमा अध्यापन गराउने बिभिन्न जिल्लाका शिक्षकहरुले पोखरा/बागलुङमा नेपाल सरकारले तोकेको अस्पताल/ल्याबमा अनिबार्य रुपमा पिसिआर टेष्ट गरी नेगेटिभ रिपोर्ट आएमा सो को रिपोर्ट लिएर मात्र गाउँपालिका प्रवेश गर्ने र पिसिआर टेष्ट बापतको खर्चको ५० प्रतिशत रकम गाउँपालिकाले प्रकोप ब्यबस्थापन कोषबाट व्यहोर्ने ।

ख) पिसिआर टेष्ट रिपोर्ट गरेर गाउँपालिका भित्रिएका शिक्षकहरु १५ दिन होम क्वारेन्टाइनमा बस्ने र त्यसका लागि सम्बन्धित वडासंगको समन्वयमा बिद्यालय ब्यबस्थापन समितिले सहजीकरण गर्ने ।

**निर्णय नं. ५ :** प्रस्ताब नं. ५ माथि छलफल गर्दा शिक्षक दरबन्दी मिलानको प्रकृया सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्ताब नं. ६ माथि छलफल गर्दा गत आ.ब. २०७६/७७ को पार्किङ शुल्क,घोड सवार लगायतको आंशिक कर सम्बन्धित पक्षले हाल सम्म पनि दाखिला नगरेको हुँदा निजलाई सात दिन भित्र अनिबार्य रुपमा कर चुक्ता गर्नको लागि ताकेता गर्ने । समयमा कर दाखिला नगरेमा चालु आ.ब. २०७७/७८ मा निजसंगको ठेक्का सम्झौता निरन्तरता गर्न नसकिने व्यहोरा जानकारी गराउने ।

**निर्णय नं. ७ :** प्रस्ताब नं. ७ माथि छलफल गर्दा बर्षातको समयमा बाढीले क्षति पुर्‍याएको ठाउँ लुप्रा,कागबेनी श्राद्धस्थल लगायतमा थप क्षति हुन नदिन डोजर प्रयोग गर्ने र कामको प्राबिधिक नापजांच गरि सो को भुक्तानी दिने ।

**निर्णय नं. ८ :** प्रस्ताब नं. ८ माथि छलफल गर्दा गाउँपालिकामा कार्यरत सहायक महिला बिकास निरीक्षकले काज सरुवा सहमति मागेको हुँदा निजलाई अन्यत्र काज सरुवा भई जानको लागि सहमति दिने ।

**निर्णय नं. ९ :** प्रस्ताब नं. ९ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय छुसाङलाई जग्गा प्रदान गर्ने सम्बन्धमा वडा नं. ३ को कार्यालयको मिति २०७७/०४/०१ ,च.नं. ३ को पत्रबाट जग्गा उपलब्ध गराउनको लागि सिफारिस गरि आएको हुँदा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ अन्तर्गतको चैले टोल देखि माथि रहेको सार्वजनिक जग्गा सिताङ थेवा भनेर चिनिने समतल मैदान पूर्वमा कालीगण्डकी करिडोर राजमार्ग पश्चिममा नागाहारा भिर उत्तरमा चैले सिंचाई खोल्सी र दक्षिणमा कालीगण्डकी करिडोर किनारा(घ्याकर पुरानो घट्ट) चारकिल्ला भित्र रहेको अन्दाजी १० रोपनी क्षेत्रफल भएको जग्गा उपलब्ध गराउनको लागि जिल्लास्तरीय समितिलाई सिफारिस गर्ने ।

**निर्णय नं. १० :** प्रस्ताब नं. १० माथि छलफल गर्दा कागबेनी मुक्तिनाथ सडकखण्डको सरसफाईको लागि नेपाल सरकारले तोकेको न्युनतम मासिक पारिश्रमिक उपलब्ध गराउने गरि २ जना कर्मचारी नियुक्ति प्रकृया अगाडी बढाउने ।

**निर्णय नं. ११ :** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा रोजगारीको शिलशिलामा अन्यत्रबाट आउने नेपाली नागरिकहरुको हकमा गाउँपालिकाको जनताको जनधनको सुरक्षा, यहाँका जनताको रोजगारी समेतलाई मध्यनजर गर्दै आइन्दा त्यसरी रोजगारीको लागि आउनेहरुले अनिवार्य आफ्नो नागरिकताको प्रतिलिपि र आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहबाट सिफारिस समेत लिई आउनुपर्नेछ, उक्त कागजात नलिई आउनेहरुलाई कोही पनि स्थानीयले रोजगारीमा लगाउन पाईने छैन । साथै यहाँको जनताको रोजगारी समेतलाई मध्यनजर गरी मुक्तिनाथ कागबेनी लगायत गाउँपालिका क्षेत्रंमा सवार हुने घोडाको हकमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका स्थायी ठेगाना भएको व्यक्तिले मात्र घोडा सवार गराउन पाउने र उक्त निर्णय कार्यान्वयनमा सम्बन्धित वडा कार्यालयले समन्वय र सहजीकरण गर्ने गराउने ।